# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : १, ७ नं. प्रदेश, गुलरिया कञ्चनपुर वैशाख ०२ गते आईतबार, २०७५ साल संख्या : ४


**भाग :- ३**

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधी, २०७४

**१.परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम कृष्णपुर नगर कार्यपालिकाको मिति **२०७४/१२/१६-१७ को बैठकले पारित गरि** यो कार्यविधी लागू गरेको छ ।

**२.परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३.उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४.लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण :**

Krishnapur Municipality

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएकोछ :

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा :**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

**८.परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा नगरपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

च) यस नगरपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नुपर्नेछ ।

छ) यस पूर्व महिला तथा बालवालिका कार्यालयवाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचयपत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ ।

**९.विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) नगरपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

Krishnapur Municipality

अनुसूची १
कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,कञ्चनपुर
७ नं. प्रदेश,नेपाल

## ज्येष्ठ नागरिक परिचय-पत्र
## Senior Citizenship Card

फोटो
Photo

प्र.प. नं :-
**Card No.**

नाम थर : ........................................... राष्ट्रियता
Name…………………………
Nationality……………………….
ना.प्र.प.नं: ..........                    Citizenship No.
ठेगाना : जिल्ला .........................न.पा.: ........................... वडा नं. ..... टोल/गाउं .........
Address………………District……………. Municipality ward No…
Tole/Village……….. Province No. ………………….
उमेर: ........... लिङ्ग: ........... जन्म मिति
Age …………………… Sex…………Date of birth ………………
उपलब्ध छुट तथा सुविधाहरु : ...................................
Available Service………………………………
पति/पत्नी/छोरा/छोरी को नाम : ........................................................
Name of Wife/Husband/ Daughter/son………………….
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: ..........................................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :.............................................
Name of caretaker, Contact No.
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः .....................................
Blood Group ………….Diseases Name…………………….
Name of drugs …………………………

प्रमाणित गर्ने :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

Krishnapur Municipality

अनुसूची २
ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

जिल्ला .............नगरपालिका .........................वडा नं ............प्रदेश.........

| सि.नं. | नाम,थर | जन्म मिति | वुवा/आमाको नाम,थर | वाजेको नाम,थर | पति/पत्नीको नाम,थर | संरक्षको नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने</u>
नाम,थरः
पद :

<u>प्रमाणित गर्ने</u>
नाम,थर
पदः

आज्ञाले,
महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

Krishnapur Municipality